आज मिति २०७६/०१/२३ गते सोमबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ५७ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुँबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थिति**

श्री वीरेश्वर लिम्बु

श्री डम्बर कुमार प्रधान

श्री कमल प्रसाद भण्डारी

प्रस्तावहरु

१. क्रमागत रुपमा कार्यक्रम सञ्चालन सिफारीस सम्बन्धमा ।

२. गाउँपालिकाको श्रोत नक्सा तयार गर्न सम्बन्धमा ।

३ विधुतिय पोल खरिद सम्बन्धमा ।

४. मोटरसाइकल खरिद गर्ने सम्बन्धमा ।

५. प्राविधिकलाइ फिल्ड भत्ता दिने सम्बन्धमा ।

६. विपन्नलाइ आर्थिक सहायता दिने सम्बन्धमा ।

७. विपद राहत उपलब्ध गराउने सम्बन्धमा ।

८. शौर्य उर्जा प्रविधि जडान र सुधारिएको चुलो प्रविधि जडान कार्यक्रम सम्बन्धमा ।

९. राजस्व परामर्श र श्रोत अनुमान गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

१०. पुरानो साझा सहकारी मार्फत ठेक्का भएको जग्गा फुकुवा सिफारिस सम्बन्धमा ।

निर्णयहरु

१. शहरी विकास मन्त्रालयको आ.ब. २०७५/७६ को बार्षिक विकास कार्यक्रमको नमुना एकिकृत बस्ती विकास कार्यक्रम शसर्त अनुदान एकिकृत पुर्वाधार विकास कार्याक्रम इलाम जिल्ला **नयाँबजार सडक तथा नाली निर्माण र पोखरी संरक्षण कार्यक्रम**को लागी बजेट रु ५० लाख विनियोजन भएकोमा सो विनियोजित रकमलाइ क्रमागत रुपमा सञ्चालन गर्ने गरी सम्बन्धीत निकायमा सिफारीस गरी पठाउने निर्णय गरियो ।

उक्त योजना **नयाँबजार सडक तथा नाली निर्माण र पोखरी संरक्षण कार्यक्रम** अन्तगर्त नयाँबजार-गुम्बाडाँडाँ-जोरपोखरी-कटेरी खोल्मे सिरान सम्म, नयाँबजार-खरखरे, नयाँबजार-वडा कार्यालय, नयाँबजार सार्वजनिक सौचालय देखी शंखाबुङ जाने बाटो सम्म, नयाँबजार देखि डम्पिंङ साईट जाने बाटोहरुको नाली निर्माण र सोलिङ गर्ने साथै उत्तरे पोखरी, थुम्के पोखरी र मलुपोखरी निर्माण तथा संरक्षण गर्ने गरी उक्त क्रमागत योजनाको लागी क्षेत्र तोकी पठाउने निर्णय गरियो ।

२. गाउँपालिकाको आ.ब. २०७५/७६ को बार्षिक विकास कार्यक्रम अन्तर्गत रहेको गाउँपालिकको बृहत खानेपानी डिपिआर तयार शिर्षकमा बिनियोजित रकम रु ५ लाख रहेकोमा उक्त कार्यक्रम प्रदेश नं. १ सरकारबाट सोहि कार्यक्रमको लागी बजेट बिनियोजन भइ कार्य समेत भइरहेको हुँदा गा.पा. को कार्यक्रम दोहोरो पर्न जाने भएकोले सो शिर्षक परिवर्तन गरी गाउँपालिकाको श्रोत नक्सा तयार गर्नको लागी सोही विनियोजित रकम रु ५ लाखले सूचिकृत परामर्श सेवादाताहरु बाट कार्य गराउने निर्णय गरीयो ।

३. गाउँपालिकाको आ.ब. २०७५/७६ को बार्षिक विकास कार्यक्रम अन्तर्गत रहेको गाउँपालिकको विधुत विस्तार कार्यक्रम अन्तर्गतको ठेक्का नं. **MJRM/NCB/WORK/075/76-07** को उदेश्य निर्माण सेवा सँग ठेक्का सम्झौता भए बमोजिमको तथा **BOQ** उल्लेख भए बमोजिमको **Bottom Part Galvanized** भएको विधुतिय पोललाइ सदर मानि खरिद कार्य गर्ने निर्णय गरीयो । साथै गाउँपालिका र नेपाल विधुत प्रधिकरणको प्राविधिक सहितको अनुगमन टोलीले विधुतिय पोलको स्थलगत अनुगमन समेत गरीसकेको हुँदा पोल ल्याउन उक्त सप्लायर्सलाइ स्विकृति तथा अनुमति पत्र पठाउने निर्णय गरीयो ।

४. गाउँपालिकाको आ.ब. २०७५/७६ को बार्षिक विकास कार्यक्रम अन्तर्गत रहेको सवारी साधन तथा मेसिन औजार खरिद अन्तर्गको सावारी साधन शिर्षकमा विनियोजित बजेट बाट कार्यालयलाइ आवश्यक पर्ने २ वटा मोटरसाइकल खरिद गर्ने निर्णय गरीयो ।

५. गाउँपालिकाको आ.ब. २०७५/७६ को बार्षिक विकास कार्यक्रम अन्तर्गत चालू खर्च तर्फको २११३३ फिल्ड भत्ता शिर्षकबाट खर्चहुने गरी तथा गाउँसभाले तोकेको मापदण्ड भन्दा नबढने गरी वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरुलाइ मासिक रु ३०००/- का दरले र गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीले प्राविधिक शाखा प्रमुखको हैसियतले जिम्मेवार वहन गरेको हुँदा उक्त प्राविधिक श्री बन्धु राइलाइ मासिक रु ४५००/- का दरले यही मिति २०७६ बैशाख १ गते देखि लागू हुने गरी फिल्ड भत्ता दिने निर्णय गरीयो ।

६ निम्न व्यक्ति तथा परिवारलाइ आर्थिक सहायता दिने निर्णय गरीयो ।

| क्र.सं. | पिडितको नाम थर | निवेदक | ठेगाना | आर्थिक सहायता रकम रु | विरामिको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | तुल बहादुर राई | टिकाराम राई | माइजोगमाइ ६ | २००००/- विस हजार | मेरुदण्डको क्यान्सर | वि पि कोइराला मेमोरियल अस्पतालमा उपचार भइरहेको |
| २. | टेक प्रसाद लिंगदम | विष्णु कुमार लिंगदम | माइजोगमाइ ६ | २००००/- विस हजार | मुटुरोग | वि पि कोइराला मेमोरियल अस्पतालमा उपचार भइरहेको |

७. निम्न व्यक्ति तथा परिवारलाइ विपद रकम उपलब्ध गराउने निर्णय गरीयो ।

| क्र. सं. | पिडितको नाम थर | निवेदक | ठेगाना | आर्थिक सहायता रकम रु | विपद को प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | धन बहादुर दर्जी | धन बहादुर दर्जी | माइजोगमाइ १ | रु. १६०००/- सोह्र हजार | हावाहुरी | रकम वरावरको टिन खरिद गरी विल पेश गरी भुक्तानी लिनु पर्ने |

८. गाउँपालिकाको आ.ब. २०७५/७६ को बार्षिक विकास कार्यक्रम अन्तर्गत शसर्त अनुदान तर्फको कार्यक्रमको शौर्य उर्जा प्रविधि जडान र सुधारिएको चुलो प्रविधि जडान कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकामा सूचिकृत नामसालिंग सामुदायिक विकास केन्द्र इलाम सँग साझेदारीमा कार्यक्रम सम्झौता गरी सञ्चालन गर्ने निर्णय गरीयो ।

९. आगामी आ.ब. २०७६/७७ को लागी नीति तथा कार्यक्रम र बजेट तयार गर्न यस गाउँपालिकाको गत बर्षको राजस्व परामर्श समितिले आफ्नो कार्यक्षेत्रभित्र परिचालन गर्न सक्ने राजश्वका श्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी बर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान र श्रोत अनुमान समितिले गाउँपालिकाबाट प्राप्तहुने आन्तरीक आय, राजश्व बाँडफाँड बाट प्राप्तहुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाता तथा बजेट सिमा निर्धारण गरी जेठ पहिलो हप्ता भित्र प्रतिवेदन पेश गर्न अख्तियारी दिने निर्णय गरीयो ।

१०. पुरानो साझा सहकारीको सदस्य भई विविध कारोवार गर्दा धितोका लागी साझा सहकारी मार्फत जग्गा रोक्का भएको सदस्यहरुको जग्गा फुकुवा सिफारीस गर्न विवरण प्राप्त नभएकोले ती जग्गाहरुको गाउँपालिकाबाट फुकुवा सिफारीस गर्न कठिनाइ भएको हुँदा तत्कालिन साझा कर्मचारी श्री गणेस कुमार राई नै हाल वडा नं. ४ को वडाध्यक्ष भएकोले सो सम्बन्धि विवरण निज सँगै भएकोले जग्गा रोक्का फुकुवा सिफारिस गर्न वडा नं. ४ का वडाध्यक्ष श्री गणेश कुमार राईलाई अख्तियारी दिने निर्णय गरियो ।

